# सानोठिमी क्याम्पस सम्बन्धी छानविन प्रतिवेदन

## १. उजुरीको पृष्ठभूमीः

यस केन्द्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त सानीठिमी क्याम्पसका क्याम्पस प्रमुख रामचन्द्र घिमिरेले केहि सहयोगीहरुसंग मिली क्याम्पसमा आर्थिक तथा शैक्षिक हिनामिना गरेकोले अनुसन्धान गरी आवश्यक कारवाही गरिपाउँ भनी बुँदागत रुपमा उल्लेख गरिएको उजूरी केन्द्रमा प्राप्त हुन आएको ।

## २. उजुरीमा उल्लेख गरिएका बुँदाहरुः-

- क्याम्पस प्रमुख रामचन्द्र घिमिरेको कार्यकालमा त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयबाट संचालन हुने प्रत्येक परीक्षाको प्रति विद्यार्थी रु. ५ ०।को परीक्षा केन्द्र शुल्क अनिवार्य रुपमा क्याम्पसको खातामा जम्मा गर्नुपर्नेमा सो नगरी क्याम्पसको परीक्षामा संलग्न नभएका व्यक्तिहरुको नाम राखी/राख्न लगाइ सो परीक्षा केन्द्र शुल्कको रकममा आर्थिक हिनामिना गरेको सम्वन्धमा ।
- लोकसेवा आयोगलाई परीक्षा संचालन गर्न दिए वापतको रकम क्याम्पस प्रमुख आफैले बुझी क्याम्पसको खातामा जम्मा नगरेको सम्वन्धमा ।
- क्याम्पसको बहुउदेश्यीय भवन निर्माणको भुक्तानी प्रकृयामा खरिद समितिको निर्णय पछि गरिनु पर्नेमा उक्त भुक्तानी रकमको खरिद समितिबाट अनुमोदन मात्र गराउने गरेको तथा यस खरिद प्रकृयामा भण्डार शाखामा कुनै पनि खरिद सामाग्री दर्ता नगरी व्यक्तिगत लाभ हुने गरी क्याम्पस प्रमुखले दुरुपयोग गरेको ।
- शुद्ध पिउने पानीको व्यवस्थाको लागि पानी छान्ने प्रविधि Vessel राख्ने क्रममा आरती सोलार एण्ड वाटर ट्रेड कौशलटार भक्तपुरलाई काम गर्न लगाइ Aryan Technology Pvt, Ltd. कुपण्डोलको विल बनाई पेश गरेको र उक्त सामग्रीको बजार मूल्य भन्दा बढीको विल बनाई भ्रष्टाचार गरेको ।
- क्याम्पस प्रमुखले बढीमा रु. १५ हजार सम्मको मोबाईल खरिद गरी बोक्न पाउने त्रि.वि. को व्यवस्थालाई बेवास्ता गरी १ लाख १९ हजारको मोबाईल खरिद गरी आर्थिक हिनामिना गरेको ।
- त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्वन्धी नियम २०५० (२०७६/०३/२६ संशोधन सहित) को परिच्छेद ८२ को नियम ३४५ को उप नियम ३ विपरित पदावधि सकिएका स्वतन्त्र विद्यार्थी युनियनका सभापति तथा सचिवलाई प्रयोग गरी क्याम्पस जस्तो सार्वजनिक स्थलमा आथिक अनियमितता विरुद्ध आवाज उठाउने प्राध्यापकको मानमर्दन गर्ने कार्य गराएको सम्वन्धमा ।
- बर्तमान निमित्त क्याम्पस प्रमुख होमनाथ दाहालले खेलकुद सामग्री खरिदमा आवश्यक खरिद प्रकृया पुरा नगरी क्याम्पस प्रमुख रामचन्द्र घिमिरेको निर्देशनमा रु. १० लाखका सामग्रीको फर्जि विल पेश गरी आर्थिक अनियमितता गरेको ।

- ❖ क्याम्पसको हालसम्मको वेरुजु रकमको विवरण।
- ❖ स्ववियूले प्रकाशन गरेको पुस्तिकाको भुक्तानी एवं पेश्कि विवरण ।
- ❖ त्रिवि नियम विपरित फर्जी कागजात तयार गरी मिति २०७६/२/१६ गते गणित शिक्षक १ र अंग्रेजी बिषयका २ जना शिक्षकहरुलाई आन्तरिक करारमा नियुक्ति गरी सो क्याम्पसमा लामो समय देखि प्राध्यापनरत अन्य आंशिक शिक्षक तथा योग्यता पुगेका अन्य उम्मेद्धवारहरुलाई प्रतिस्पर्धाबाट बञ्चित गराएको ।
- ❖ आफु अनुकुलको निर्णय गर्न सजिलो हुने गरी त्रिवि संगठन तथा शैक्षिक प्रशासन सम्वन्धी नियम २०५० को नियम १९ को उपनियम (२) र (३) विपरित हुने गरी नेपाली र गणित विषयमा करार सेवामा कार्यरत शिक्षकहरुलाई तिन बर्षको पदावधि हुने विभागको अध्यक्षको जिम्मेवारी दिई बरिष्ठ प्राध्यापक, सहप्राध्यापक तथा उपप्राध्यापकको मनोवल गिराई शैक्षिक भ्रष्टाचार गरेको ।

## ३. उजुरीको सम्वन्धमा देखिएका तथ्यहरु :-

- ❖ **क्याम्पस प्रमुख रामचन्द्र घिमिरेको कार्यकालमा त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयबाट संचालन हुने प्रत्येक परीक्षाको प्रति विद्यार्थी रु. ५०।को परीक्षा केन्द्र शुल्क अनिवार्य रुपमा क्याम्पसको खातामा जम्मा गर्नुपर्नेमा सो नगरी क्याम्पसको परीक्षामा संलग्न नभएका व्यक्तिहरुको नाम राखी/राख्न लगाइ सो परीक्षा केन्द्र शुल्कको रकममा आर्थिक हिनामिना गरेको सम्वन्धमा ।**

    - ➢ त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयबाट संचालन हुने प्रत्येक परीक्षाको प्रति विद्यार्थी रु. ५०।को परीक्षा केन्द्र शुल्क वापत प्राप्त रकमउजुरी प्राप्त भएपछि मिति २०७६/५/२६ मा क्याम्पसको खातामा रु. २,७७,८२५।- जम्मा भएको देखिन्छ ।

- ❖ **लोकसेवा आयोगलाई परीक्षा संचालन गर्न दिए वापतको रकम क्याम्पस प्रमुख आफैले बुझी क्याम्पसको खातामा जम्मा नगरेको सम्वन्धमा ।**

    - ➢ लोकसेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयबाट मिति २०७४/११/४, मिति २०७४/१२/१६ र १७, र मिति २०७५/३/२३ गते ३ पटक परीक्षा संचालन वापत परीक्षा केन्द्र शुल्कको रकम रु. ३४,५६०।०० उजुरी परेपछि मात्रक्याम्पसको खातामा मिति २०७६/०५/१६ मा दाखिला भएको देखिन्छ ।

- ❖ **क्याम्पसको बहुउद्देश्यीय भवन निर्माणको भुक्तानी प्रकृयामा खरिद समितिको निर्णय पछि गरिनु पर्नेमा उक्त भुक्तानी रकमको खरिद समितिबाट अनुमोदन मात्र गराउने गरेको तथा यस खरिद प्रकृयामा भण्डार शाखामा कुनै पनि खरिद सामाग्री दर्ता नगरी व्यक्तिगत लाभ हुने गरी क्याम्पस प्रमुखले दुरुपयोग गरेको ।**

    - ➢ क्याम्पसको निर्माणाधीन बहुउद्देश्यीय भवनको निर्माण व्यवसायी श्री टि.डि.आर/यू.जे.भी. लाई आ.व. ०७५/०७६ मा प्रथम, दोश्रो तथा तेस्रो रनिङ्ग विल भुक्तानी भएको देखिन्छ । निर्माण व्यवसायीबाट सम्झौता बमोजिम कार्य गरे पश्चात भुक्तानीको लागि निवेदन लगायत रनिङ्ग विल

मेजरमेण्ट बुक सहितको प्राप्त भएपछि सो विवरणलाई प्राविधिक परामर्श दाता श्री इन्जिनियरिङ्ग अध्ययन संस्थान परामर्श सेवा थापाथलीमा जाँच पास गरी भुक्तानीको लागि सिफारिस बमोजिम निर्माण समितिको निर्णयानुसार निर्माण व्यवसायीलाई जम्मा रकम रु.२८०,०७७,४२५।०५ भुक्तानी भएको छ ।साथै उक्त भवनको त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरीद सम्वन्धी नियम २०५०(सं.सं.) बमोजिम लागत अनुमान तथा बोलपत्रको स्वीकृति भएको तथा सम्झौता भएको देखिएकोले सोही भवनको रनिङ्ग विल भुक्तानीको लागि खरीद समितिको निर्णय आवश्यक भएको देखिंदैन ।

- **शुद्ध पिउने पानीको व्यवस्थाको लागि पानी छान्ने प्रविधि Vessel राख्ने क्रममा आरती सोलार एण्ड वाटर ट्रेड कौशलटार भक्तपुरलाई काम गर्न लगाइ Aryan Technology Pvt, Ltd. कुपण्डोलको विल बनाई पेश गरेको र उक्त सामग्रीको बजार मूल्य भन्दा बढीको विल बनाई भ्रष्टाचार गरेको ।**

  - क्याम्पसमा शुद्ध पिउने पानी व्यवस्थापन वापत श्री आर्यन टेक्नोलोजी प्रा.लि. लाई मिति २०७६/०२/०९ मा भौ.नं. ५१३ (ख) बमोजिम चेक नं. ५३२७९९५० बाट कर विजक नं. १०४५ को मु.अ.क. समेत जम्मा रु. १,००,००५।०० मध्ये नियमानुसारको कर तथा रिटेन्सनमनी कट्टा गरी रु. ९३,६७७।५० भुक्तानी भएको देखिन्छ । उक्त कार्य त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरीद सम्वन्धी नियम २०५०(सं.स.) को नियम ५८ को उपनियम १० को प्रकृया पुरा नगरी गराएको देखिन्छ ।उक्त नियममा सम्वन्धित संगठन वा निकायले २५ हजार रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा संगठन वा निकायले सूचना प्रकाशित गरि मौजुदा सूचीमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ता निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउ पत्र वा प्रस्ताव माग गरि खरिद गर्नुपर्ने व्यवस्था विपरित रु. १ लाखको पानी छान्ने प्रविधि राख्दा उक्त नियमको पालना गरेको देखिएन ।

- **क्याम्पस प्रमुखले बढीमा रु. १५ हजार सम्मको मोबाईल खरिद गरी बोक्न पाउने त्रि.वि. को व्यवस्थालाई बेवास्ता गरी १ लाख १९ हजारको मोबाईल खरिद गरी आर्थिक हिनामिना गरेको ।**

  - त्रिवि कार्यकारी परिषदको मिति २०७३/११/११ गतेको बैठकको निर्णय नं. १०९६ अनुसार निकाय प्रमुखलाई रु. १५,०००।— सम्मको मोवाइल थान १ एकपटक मात्र उपलव्ध गराउने निर्णय भएको देखिन्छ । क्याम्पसले भौं नं. ५९० मिति २०७५/०३/०३ बाट । Phone-8मोवाइल १ सेट रु. १,१९,७८०।— को खरिद गरी क्याम्पस प्रमुख श्री रामचन्द्र घिमिरेलाई उपलव्ध गराएको देखियो । अतः कार्यकारी परिषदको निर्णयानुसार तोकिएको सीमा भन्दा रु. १,०४,७८०।— बढी मोवाइल खरीद गरेकोले नियम संगत नदेखिएको भनी म.ले.प. ले वेरुजु कायम गरेको पाइयो ।

- **बर्तमान निमित्त क्याम्पस प्रमुख होमनाथ दाहालले खेलकुद सामग्री खरिदमा आवश्यक खरिद प्रकृया पुरा नगरी क्याम्पस प्रमुख रामचन्द्र घिमिरेको निर्देशनमा रु. १० लाखका सामग्रीको फर्जि विल पेश गरी आर्थिक अनियमितता गरेको ।**

  - निमित्त क्याम्पस प्रमुख श्री होमनाथ दहालले खेलकुदसामाग्री खरीद गरेको भएपनि रु. १० लाखको खरीद गरेको देखिदैन । भौं.नं. ५९२ मिति २०७५/०३/०४ गते उप प्रा. होमनाथ दाहाललाई खेलकुद प्रतियोगिता संचालन कार्यक्रमको निम्ति रु. २,५३,२१०।— को सोधभर्ना उपलव्ध गराइएकोमा प्रतियोगिता संचालन गर्नु पूर्व बजेट सहितको प्रस्ताव तयार नगरी प्रतियोगिता संचालन गरी खर्च गरेको पाइयो ।विभिन्न मितिमा रु. ६८,१७०।— को सोधभर्नामा खाजा खर्च जनाइएकोमा खाना खानेको दस्तखत सहितको नामावली संलग्न भएको पाइएन ।

- **क्याम्पसको हालसम्मको वेरुजु रकमको विवरण ।**

  - यस क्याम्पसको हालसम्मको बेरुजु रकम रु.६४,३८,७४१/- देखिएतापनिमहालेखापरीक्षकको कार्यालयबाट गत बर्षमा औंल्याएको बेरुजु लगत किताव खडा गरी बेरुजुसंग सम्वन्धित प्रमाण कागजातहरु जुटाई फछ्र्यौट गरी गराई त्यसलाई वर्षेनी अद्यावधिक समेत गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ ले गरेको । तर यस क्याम्पसले बेरुजुको लगत किताव तयार गरेको देखिएन । त्यसैगरी म.ले.प. समक्ष सम्परीक्षणको लागि कुनै अनुरोध गरेको देखिएन । ऐन नियमले गरेको व्यवस्था उपर यथोचित ध्यान नपु-याएको कारण यस्तो हुन सक्ने र यसको कारणको सम्वन्धमा यकिन हुन सकिएन।

- **स्वव्यियुले प्रकाशन गरेको पुस्तिकाको भुक्तानी एवं पेश्कि विवरण ।**

  - स्ववियूबाट तयार पारिएको स्मारिका प्रकाशनको लागि विद्यार्थी यूनियनका पदाधिकारी तथा सदस्यहरुको नाममा समेत पेश्की निकासा भएको देखिदैन । तर उक्त स्मारिका प्रकाशन पश्चात श्री नेपाल मेगा प्रिटिङ्ग हाउस प्रा.लि. लाई मिति २०७५/१२/२८ मा भौं.नं. ४३६ बाट कर विजक नं. १० को मू.अ.क. समेत जम्मा रु.२,८६,७३७।५० मध्ये नियमानुसारको कर रु. ३,८०६।२५ कट्टा गरी चेक नं. ५३०८१६७० बाट रु. २,८२,९३१।२५ भुक्तानी भएको देखिन्छ ।तर त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरीद सम्वन्धी नियम २०५०(सं.स.) अनुसारको सम्पूर्ण प्रकृया पुरा भएको देखिदैन ।

- **त्रिवि नियम विपरित फर्जी कागजात तयार गरी मिति २०७६/२/१६ गते गणित शिक्षक १ र अंग्रेजी बिषयका २ जना शिक्षकहरुलाई आन्तरिक करारमा नियुक्ति गरी सो क्याम्पसमा लामो समय देखि प्राध्यापनरत अन्य आंशिक शिक्षक तथा योग्यता पुगेका अन्य उम्मेद्धवारहरुलाई प्रतिस्पर्धाबाट बञ्चित गराएको सम्वन्धमा ।**

- मिति २०७६/०२/१० गते आन्तरिक करारको विज्ञापन सिटी पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित भएको देखिन्छ । सो करारको सम्वन्धमा त्रि.वि. रजिष्ट्रारको कार्यालयबाट पूर्व स्वीकृति लिनु पर्नेमा सो कुरामा स्वीकृति नलिएको देखियो । त्यसरी नियक्ति भएका आन्तरिक करार शिक्षकहरुलाई तलव भत्ता उपलव्ध गराएको देखिदैन ।

- **आफु अनुकुलको निर्णय गर्न सजिलो हुने गरी त्रिवि संगठन तथा शैक्षिक प्रशासन सम्वन्धी नियम २०५० को नियम १९ को उपनियम (२) र (३) विपरित हुने गरी नेपाली र गणित विषयमा करार सेवामा कार्यरत शिक्षकहरुलाई तिन बर्षको पदावधि हुने विभागको अध्यक्षको जिम्मेवारी दिई बरिष्ठ प्राध्यापक, सहप्राध्यापक तथा उपप्राध्यापकको मनोवल गिराई शैक्षिक भ्रष्टाचार गरेको ।**

  - सानोठिमी क्याम्पसमा एम.एड. का अधिकांश विषयहरुको पठनपाठन प्राध्यापक, सह प्राध्यापकबाट भन्दा पनि करार र आंशिक शिक्षकहरुबाट भैरहेको हुँदा एम.एड.का कक्षा संचालन गर्न अहम भूमिका शिक्षण सहायक (करार) शिक्षकहरुमा निर्भर रहनु पर्ने बाध्यताका कारण शिक्षण सहायक (करार) शिक्षकलाई अर्को व्यवस्था नभए सम्मको लागि विभागीय प्रमुखको जिम्मेवारी दिएको हो । यस्तो जिम्मेवारी विगतका क्याम्पस प्रमुखको समयमा पनि दिदै आएको हुँदा सो को निरन्तरता मात्र हो भनी क्याम्पसको च.नं. ३६३/०७६/०७७ मिति २०७६/०७/२९ मा प्राप्त पत्रमा उल्लेख भइ आएको । तर यो त्रिवि संगठन तथा शैक्षिक प्रशासन सम्वन्धी नियम २०५० को नियम १९ को उपनियम (२) र (३) विपरित देखिन्छ ।

## ४. <u>निष्कर्ष</u>

क्याम्पसलाई आवश्यक पर्ने सामाग्रीहरु जस्तैः- मोवाईल, पानी शुद्ध गर्ने मेशिन, स्मारिका र खेलकूद सामाग्रीहरु खरिद गर्दा त्रिवि आर्थिक व्यवस्थापन तथा खरिद सम्वन्धी नियम ५८ मा भएको व्यवस्थाको पालना भएको देखिएन ।

## ५. <u>सुझाव</u>

त्रिविको नियम विपरित खरिद कार्य गर्ने तथा त्रि.वि. को स्वीकृति बेगर शिक्षक करारमा नियुक्ति गर्ने पदाधिकारीहरुलाई कानून बमोजिम कारवाही गरी सो को जानकारी दिन त्रिविलाई लेखी पठाउने र अब आइन्दा त्रिविको नियम कानुन अक्षरस पालना गर्न लगाउने सम्वन्धमा सानोठिमी क्याम्पस, भक्तपुरलाई निर्देशन दिन श्री त्रि.वि.वि., किर्तिपुरलाई पत्राचार गरी उक्त उजुरी/निवेदन तामेलीमा राख्न मनासिव देखिन्छ ।

## ६. राष्ट्रिय सतर्कता केन्द्रको मितिः २०७६।०९।२० को निर्णयः

सानोठिमी क्याम्पस भक्तपुरका क्याम्पस प्रमुख रामचन्द्र घिमिरेले मिलेमतो गरी शैक्षिक हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा सानोठिमी क्याम्पस भक्तपुरलाई देहाय बमोजिम निर्देशन दिने निर्णय गरियोः

क। क्याम्पसमा लोक सेवा आयोगका परीक्षा केन्द्र राख्दा प्राप्त हुने शुल्क लगायत क्याम्पसले लिने सबै प्रकारका शुल्क/राजश्व लगायतको रकम समयमा नै क्याम्पस खातामा जम्मा गर्ने व्यवस्था मिलाउने,

ख। महालेखाले औंल्याएका असुल गर्नुपर्ने प्रकृतिका सबै बेरुजु तत्काल असुल उपर गरी यस केन्द्रमा जानकारी पठाउन निर्देशन दिने,

ग। त्रि.वि.वि.को आर्थिक ऐन नियम विपरीत खर्च गरेको देखिंदा अब आईन्दा त्यस्ता काम नगर्न क्याम्पस प्रमुखलाई सतर्क गराउने र

घ। यस सम्बन्धी जानकारी त्रि.वि.वि., केन्द्रीय कार्यालय किर्तिपुरलाई समेत दिने ।